वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ८१ २०८३ असार ३१ गते बुधवार, नेपाल सम्वत् ११४६ July 15, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-



वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'

भञ्ज्याङ bhanjyangnews.com

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

बेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.

दमौली, तनहुँ । फोन : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह




## पहिरो पन्छाउँदै

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुवा सडक खण्डमा मंगलबार पहिरो खसेर सडक अवरूद्ध भएपछि पहिरो हटाउँदै सुरक्षाकर्मीहरू ।

*तस्बिर : भञ्ज्याङ*

# रैथाने वनस्पति र च्याउ प्रजाति संकटमा


नवीन लामिछाने/मनाङ


विश्वप्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप)भित्र जैविक विविधताको दिगो संरक्षण र ठूला भौतिक पूर्वाधार विकासबीचको संघर्ष चुलिँदै गएको छ । हिमाली जिल्ला मनाङमा राष्ट्रिय गौरव र रणनीतिक महत्वको रूपमा हेरिएको जलविद्युत् आयोजनाको निर्माणकार्यले गति लिएसँगै यस क्षेत्रको रैथाने पर्यावरण, वन्यजन्तुको जैविक मार्ग र सुक्ष्म वनस्पतिको अस्तित्व रक्षाको सवाल थप पेचिलो बन्दै गएको छ ।

आयोजनाका विभिन्न स्थायी तथा अस्थायी संरचना निर्माणका लागि एक्यापअन्तर्गतको कुल ३३.४७ हेक्टर संरक्षित वन क्षेत्र प्रयोग गर्न र त्यहाँ रहेका एक हजार ८३९ वटा रूख हटाउन सरकारले अन्तिम स्वीकृति दिएपछि वन फँडानी र वातावरणीय क्षतिको वैज्ञानिक लेखाजोखा सुरू भएको छ । आयोजनाको प्राविधिक नक्साङ्कन अनुसार २४ मिटर अग्लो कङ्क्रिट ग्रेभिटी बाँध र ६.०७५ किलोमिटर लामो भूमिगत हेडरेस सुरूङ निर्माणका लागि एक्यापको महत्त्वपूर्ण जैविक वन क्षेत्र अधिग्रहण गरिएको छ । काटिने एक हजार ८३९ रूख र पोलमा हिमाली भेगमा पाइने गोब्रे सल्लो, धुपी, भोजपत्र र लौठसल्लाजस्ता बहुमूल्य र रैथाने प्रजाति रहेका छन् ।

**जोखिममा हिँउ चितुवा र कस्तुरी मृगको बासस्थान**

यहाँ निर्माणाधीन आयोजना जिल्लाको मध्य तथा माथिल्लो वन क्षेत्र अन्तर्राष्ट्रिय रूपमा संकटापन्न र नेपालको कानुनद्वारा कडा रूपमा संरक्षित हिँउ चितुवा, कस्तुरी मृग, नाउर, घोरल र हिमाली भालुजस्ता वन्यजन्तुको मुख्य चरन क्षेत्र र जैविक मार्ग नजिक पर्दछ । सुरूङ खन्ने क्रममा गरिने दैनिक भारी विष्फोटन, ढुङ्गा फुटाउने क्रसर उद्योगको चर्को ध्वनि प्रदूषण र हेभी इक्विपमेन्टको निरन्तर आवतजावतले गर्दा वन्यजन्तु त्रसित भई आफ्नो प्राकृतिक बासस्थान छाडेर असुरक्षित क्षेत्रतर्फ विस्थापित हुने खतरा बढेको पाल्साङ लामाले बताउनुभयो । "जैविक मार्ग खल्बलिँदा वन्यजन्तु आहारा र सुरक्षित आश्रयको खोजीमा मानव बस्ती छिर्ने र मानव-वन्यजन्तु द्वन्द्व निकै बढ्ने जोखिम रहेको छ", उहाँले भन्नुभयो ।

कोतोस्थित बाँधबाट मर्स्याङ्दी नदीको पानीलाई छ किलोमिटर लामो भूमिगत सुरूङभित्र हालिने हुनाले बाँधदेखि खोत्रोको विद्युत् गृहसम्मको साविक नदी क्षेत्र पूर्ण रूपमा 'सुक्खा क्षेत्र' मा परिणत हुनेछ । हिउँदका समयमा नदीमा पानीको बहाव प्राकृतिक रूपमै कम हुने हुँदा मर्स्याङ्दी नदीको यो खण्ड सुक्ने हुँदा नदीभित्र रहेका रैथाने जलचर र पानीमा आश्रित सुक्ष्म वनस्पतिको जीवनचक्र सदाका लागि अन्त्य हुने देखिएको छ ।

नेपालको जलस्रोत ऐन र वातावरणीय कानुनअनुसार हिउँदमा पनि नदीको साबिक बहावको न्यूनतम् १० प्रतिशत पानी अनिवार्य रूपमा नदीमै छाड्नुपर्ने बाध्यात्मक व्यवस्था छ । हिमाली क्षेत्रका यस्ता दुर्गममा आयोजनाले नियम पालना गरे-नगरेको निष्पक्ष र नियमित अनुगमन गर्ने प्रणाली कमजोर हुँदा जलचरको जीवनचक्र प्रभावित हुने चिन्ता संरक्षण क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष याद घलेले बताउनुभयो ।



**च्याउको प्रजाति अनुसन्धान**

जलविद्युत् आयोजनाका कारण वन क्षेत्र प्रभावित हुने र जैविक मार्ग खल्बलिने भएपछि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङले प्रभावित वन क्षेत्रमा रैथाने र सुक्ष्म जैविक स्रोतको अस्तित्व जोगाउन अनुसन्धान थालेको छ। एक्याप मनाङको प्राविधिक टोलीद्वारा नार्सों गाउँपालिकाको वन क्षेत्रमा च्याउको विविधता, यसको परम्परागत तथा सांस्कृतिक उपयोग र प्रजाति पहिचानका लागि 'च्याउ सूचीकरण तथा स्थलगत सर्वेक्षण' सुरू गरिएको जनाएको छ ।

एक्याप मनाङको प्राविधिक टोलीले नार्सों गाउँपालिका-४ को ओडार क्षेत्रबाट स्थलगत सर्वेक्षण सुरू गरी खोत्रोसम्म सङ्कलन कार्य गरेको छ भने खोत्रोदेखि सुर्खी खोलासम्मको पदमार्ग र जङ्गल क्षेत्रमा च्याउका प्रजातिको खोजी थालिएको एक्याप मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रारम्भिक दुई दिनको स्थलगत अध्ययन र खोजीका क्रममा टोलीले सो क्षेत्रबाट करिब ४५ भन्दा बढी प्रजातिका च्याउ फेला पारी अभिलेखीकरण गरिएको छ । सङ्कलन गरिएका च्याउमध्ये कुन खानयोग्य, कुन औषधीय गुण भएका र कुन विषालु छन् भन्नेबारे प्रजाति पहिचान र विस्तृत वैज्ञानिक प्रतिवेदन लेखनकार्य भइरहेको एक्यापले जनाएको छ ।

यहाँका आदिवासी जनजाति र हिमाली समुदायमा च्याउसम्बन्धी परम्परागत ज्ञान रहेको छ। "पुस्तौँदेखि स्थानीयले कुन च्याउ खाने र कुन नखाने भनेर छुट्याउने आफ्नै मौलिक पहिचानको तरिका रहेको छ । तर, आधुनिक पूर्वाधार निर्माण र वन विनासका कारण यस्ता महत्त्वपूर्ण वनस्पति र सुक्ष्म जीव हराउँदै जान थालेपछि एक्यापले सङ्कलन र डकुमेन्टेसनको कामलाई प्राथमिकता दिएको हो", भुजेलले भन्नुभयो, "यस सर्वेक्षणले भविष्यमा च्याउजन्य प्राकृतिक स्रोतको दिगो संरक्षण, परम्परागत ज्ञानको पुस्तान्तरण र वैज्ञानिक उपयोगका लागि नीति निर्माण गर्न महत्त्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छ ।

**शोधभर्ना योजना**

नेपालको वन नियमावली र संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्यविधिअनुसार वातावरणीय क्षति पुर्याएबापत जलविद्युत् प्रवर्द्धक कम्पनीले कडा कानुनी दायित्व पूरा गर्नुपर्ने प्रावधान रहेको छ । १:१० को अनुपातमा १८ हजार ३९० बिरूवाको वृक्षरोपण गर्नुपर्ने र एक हजार ८३९ वटा रूख र पोलको शोधभर्नाबापत आयोजनाले १:१० को अनुपातमा कुल १८ हजार ३९० वटा नयाँ बिरूवा रोप्नुपर्ने प्रावधान रहेको एक्यापले जनाएको छ । उक्त बिरूवालाई पाँच वर्षसम्म गोडमेल गर्ने, घेराबार गर्ने र हुर्काएर वन कार्यालयलाई हस्तान्तरण गर्ने सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय जिम्मेवारी प्रवर्द्धक कम्पनीकै हुनेछ। जग्गा सट्टाभर्ना आयोजनाले स्थायी संरचनाका लागि प्रयोग गर्ने ३३.०४७ हेक्टर राष्ट्रिय वन क्षेत्रको सट्टामा कम्पनीले सोही क्षेत्रफलबराबरको निजी जग्गा आफ्नै खर्चमा खरिद गरी वन मन्त्रालयको नाममा रजिष्ट्रेसन पास गरिदिनुपर्ने कानुनी बाध्यता छ । रासस

# सीप र उत्पादन प्रदर्शनीबाट महिला उद्यमशीलताको प्रवर्द्धन


भञ्ज्याङ समाचारदाता/दमौली


महिला उद्यमी संघ तनहुँको आयोजना, इनरह्विल क्लब अफ दमौलीको सहआयोजना तथा तनहुँ सौन्दर्य व्यवसायी संघको सहजीकरणमा मङ्गलबार दमौलीमा मेहेन्दी कला तथा सौन्दर्य सीप प्रदर्शनीसँगै महिला उद्यमीका उत्पादनहरूको प्रदर्शनी सम्पन्न भएको छ। प्रदर्शनीमा मेहेन्दी कला, मेकअप तथा सौन्दर्यसम्बन्धी विभिन्न सीपको प्रत्यक्ष प्रदर्शन गरिएको थियो। साथै महिला उद्यमीहरूले उत्पादन गरेका हस्तकला, स्थानीय खाद्य परिकार,



घरेलु तथा अन्य स्थानीय उत्पादन पनि अवलोकनका लागि राखिएका थिए। आयोजकका अनुसार महिलाको सीप र उत्पादनलाई बजारसँग जोड्दै उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा व्यास नगरपालिकाकी उपप्रमुख इन्दिरा दरैले महिलाको आर्थिक सशक्तीकरणका लागि सीपमा आधारित कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताइन्। महिला उद्यमीका उत्पादनको बजार विस्तारका लागि स्थानीय तह, निजी क्षेत्र र सामाजिक संस्थाबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै उनले यस्ता गतिविधिले महिलामा आत्मविश्वास अभिवृद्धि गरी स्वरोजगार र आत्मनिर्भरतातर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरिन्।

व्यास नगरपालिकाकी कार्यपालिका सदस्य चन्द्रमाया परियारले महिलामा रहेको सिर्जनशीलता र क्षमतालाई उजागर गर्न यस्ता प्रदर्शनी प्रभावकारी हुने बताउँदै उत्पादनको बजारीकरणमा सबै सरोकारवाला पक्षको सहकार्य आवश्यक रहेको धारणा राखिन्।

वडा सदस्य रफत साना मियाले महिला उद्यमीलाई प्रोत्साहन गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको बताइन्। स्थानीय उत्पादनको प्रयोग र प्रवर्द्धनले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सहयोग पुग्ने उनको भनाइ थियो। तनहुँ सौन्दर्य व्यवसायी संघकी अध्यक्ष विष्णुमाया थापाले सौन्दर्य व्यवसायलाई केवल सेवा क्षेत्रमा सीमित नराखी सीप, सिर्जनशीलता र आत्मनिर्भरतासँग जोडेर अघि बढाउनुपर्ने बताइन्।

महिला उद्यमी संघ तनहुँकी अध्यक्ष निर्मला मल्लको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महिलालाई आत्मनिर्भर र उद्यमशील बनाउने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गरिएको बताइन्। महिलामा रहेको सीपलाई व्यवसायसँग जोड्न सके परिवारको आर्थिक अवस्था सुधारिनुका साथै समाजको समग्र विकासमा समेत सकारात्मक योगदान पुग्ने उल्लेख गर्दै उनले महिला उद्यमीका उत्पादनको बजार विस्तारका लागि सरकारी तथा निजी क्षेत्रबाट थप सहयोग आवश्यक रहेको बताइन्।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# भिमादले लिएको नीति

स्थानीय सरकार संघीय शासन व्यवस्थाको सबैभन्दा नजिकको र प्रभावकारी तह हो। नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सडक, सरसफाइ, रोजगारी तथा सामाजिक सुरक्षाजस्ता विषय स्थानीय तहकै जिम्मेवारीमा छन्। त्यसैले स्थानीय तहले सार्वजनिक गर्ने नीति तथा कार्यक्रम केवल औपचारिक दस्तावेज होइन, त्यो आगामी वर्षको विकासको दिशा निर्धारण गर्ने मार्गचित्र पनि हो । भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रमले विकासलाई बहुआयामिक रूपमा अघि बढाउने प्रयास गरेको देखिन्छ । "समृद्ध भिमादको आधारः आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार" भन्ने मूल सोचलाई केन्द्रमा राख्दै कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी, सुशासन, सामाजिक समावेशीकरण र रोजगारीलाई प्राथमिकतामा राखिएको छ । यसले विकासलाई केवल सडक र भवन निर्माणमा सीमित नराखी नागरिकको जीवनस्तर सुधारसँग जोड्ने प्रयास गरेको स्पष्ट हुन्छ । भिमादको आर्थिक आधार कृषि भएकाले यस क्षेत्रलाई प्राथमिकता दिनु स्वाभाविक र आवश्यक दुवै हो। कृषि आधुनिकीकरण, यान्त्रीकरण, व्यावसायिक खेती, स्थानीय उत्पादनको बजारीकरण तथा उच्च मूल्यका बालीको विस्तार गर्ने योजनाले कृषिलाई आम्दानीको भरपर्दो माध्यम बनाउने संकेत दिएको छ। आज गाउँमा खेतीयोग्य जमिन बाँझो हुने, युवाशक्ति विदेशिने र कृषकले उचित मूल्य नपाउने समस्या बढिरहेको अवस्थामा यस्ता कार्यक्रमले सकारात्मक सन्देश दिन्छन् । तर कृषकलाई उत्पादन गर्न प्रेरित गर्ने मात्र होइन, उत्पादन बिक्री हुने सुनिश्चित वातावरण पनि बनाउनुपर्ने आवश्यकता उत्तिकै महत्वपूर्ण छ ।

पशुपालनलाई पनि नगरपालिकाले आयआर्जनको महत्वपूर्ण आधारका रूपमा अगाडि सारेको छ। डेरी विकास, उन्नत जातका पशुपालन, कृत्रिम गर्भाधान, पशु स्वास्थ्य सेवा तथा बीमाजस्ता कार्यक्रमले किसानको जोखिम कम गर्न सहयोग पुग्न सक्छ। कृषिसँगै पशुपालनलाई जोड्न सकियो भने ग्रामीण अर्थतन्त्र अझ मजबुत बन्ने अपेक्षा गर्न सकिन्छ । शिक्षा क्षेत्रमा नगरपालिकाले गुणस्तरीय र प्रविधिमैत्री शिक्षालाई प्राथमिकता दिएको छ। सामुदायिक विद्यालयमा डिजिटल प्रविधिको प्रयोग, स्मार्ट कक्षा, स्थानीय पाठ्यक्रम, छात्रवृत्ति तथा विद्यालयको कार्यसम्पादन मूल्यांकनजस्ता कार्यक्रमले शिक्षाको गुणस्तर सुधारमा योगदान पुऱ्याउन सक्छन्। विशेषगरी स्थानीय इतिहास, संस्कृति र पहिचानलाई विद्यालय शिक्षासँग जोड्ने प्रयास प्रशंसनीय छ। तर प्रविधि विस्तारसँगै शिक्षकको क्षमता अभिवृद्धि र नियमित अनुगमन पनि उत्तिकै आवश्यक रहनेछ । स्वास्थ्य क्षेत्रका कार्यक्रम पनि उल्लेखनीय छन्। निर्माणाधीन नगर अस्पताल सञ्चालन गर्ने लक्ष्य, बर्थिङ सेन्टर सुदृढीकरण, स्वास्थ्य बीमा, एम्बुलेन्स सेवा तथा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रमले नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने आधार तयार गर्न सक्छ। विशेष गरी मानसिक स्वास्थ्यलाई नीति तथा कार्यक्रममा समेटिनु समयको आवश्यकता हो । पछिल्लो समय सामाजिक परिवर्तन, बेरोजगारी, वैदेशिक रोजगारी र पारिवारिक तनावका कारण मानसिक समस्या बढ्दै गएका छन्। यस्तो अवस्थामा स्थानीय सरकारले यस विषयलाई प्राथमिकतामा राख्नु दूरदर्शी सोच हो । खानेपानी, पर्यटन र वातावरण संरक्षणका कार्यक्रमले पनि नगरपालिकाको दीर्घकालीन सोचलाई देखाउँछन् । "एक घर, एक धारा" अभियान, पानीका स्रोत संरक्षण तथा पर्यटन पूर्वाधार विकासका योजनाले नागरिकको आधारभूत आवश्यकता र आर्थिक सम्भावनालाई सँगसँगै अघि बढाउने प्रयास गरेको छ। यदि पर्यटनलाई स्थानीय कृषि, संस्कृति र हस्तकलासँग जोड्न सकियो भने यसबाट रोजगारी सिर्जना र स्थानीय उत्पादनको बजार विस्तार दुवै सम्भव हुनेछ । रोजगारी र उद्यमशीलताको क्षेत्रमा पनि नीति सकारात्मक देखिन्छ। वैदेशिक रोजगारीमा निर्भरता घटाउने, सीपमूलक तालिम सञ्चालन गर्ने, उद्यम विकासलाई प्रोत्साहन गर्ने तथा निजी क्षेत्रसँग सहकार्य गर्ने योजनाले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुऱ्याउन सक्छ। यस्ता कार्यक्रम कागजमा मात्र सीमित नरही व्यवहारमा उतार्न सकिए युवालाई आफ्नै ठाउँमा अवसर सिर्जना गर्न सहज हुनेछ ।

यसैगरी डिजिटल प्रशासन, पारदर्शी सेवा प्रवाह र सामाजिक समावेशीकरणका कार्यक्रमले सुशासनलाई बल पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। महिला, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य पछाडि पारिएका समुदायलाई विकासको मूलधारमा ल्याउने प्रतिबद्धता व्यवहारमा देखिनु आवश्यक छ। यद्यपि नीति तथा कार्यक्रमको वास्तविक मूल्यांकन यसको घोषणाबाट होइन, कार्यान्वयनबाट हुन्छ। स्थानीय तहले विगतमा स्रोत अभाव, वित्तीय हस्तान्तरणमा ढिलाइ, प्राविधिक जनशक्तिको कमी र योजनाको प्रभावकारी अनुगमन गर्न नसक्ने समस्याको सामना गर्दै आएका छन्। भिमाद नगरपालिकाले पनि यस्ता चुनौती स्वीकार गरेको छ। त्यसैले आगामी वर्षका योजना समयमै कार्यान्वयन गर्ने, बजेटको प्रभावकारी उपयोग गर्ने र नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने परिणाम दिने क्षमता नै यसको सफलताको मापदण्ड बन्नेछ । समृद्ध भिमाद निर्माणको लक्ष्य केवल नीति दस्तावेजले पूरा हुँदैन। त्यसका लागि जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, नागरिक समाज र आम नागरिकबीच सहकार्य, पारदर्शिता र उत्तरदायित्व आवश्यक छ। प्रस्तुत नीति तथा कार्यक्रमले आशा जगाउने आधार तयार गरेको छ। अब त्यसलाई व्यवहारमा उतारेर परिणाम देखाउनु नै नगरपालिकाको सबैभन्दा ठूलो जिम्मेवारी हो। विकासका योजनाले नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सके मात्र यो नीति सफल भएको मानिनेछ ।

# किन कमजोर बन्दैछ नेपालको उच्च शिक्षा?, अब सुधार कहाँबाट सुरु गर्ने ?

हरेक वर्ष हजारौं नेपाली युवा उच्च शिक्षाका लागि विदेशिन्छन् । कोही विकसित विश्वविद्यालयको शैक्षिक वातावरण खोज्दै जान्छन्, कोही अनुसन्धानका अवसरका लागि, त कोही रोजगारीसँग जोडिने गुणस्तरीय शिक्षाको अपेक्षामा । यो केवल व्यक्तिगत आकांक्षाको विषय होइन यसले नेपालको उच्च शिक्षा प्रणालीप्रति युवा पुस्ताले व्यक्त गरेको मौन सन्देश पनि बोकेको छ । जब आफ्नै देशका विश्वविद्यालयले भविष्यप्रति भरोसा जगाउन सक्दैनन् तब विदेश रोज्ने निर्णय केवल विकल्प होइन आवश्यकता बन्छ ।

पछिल्ला वर्षहरूमा उच्च शिक्षाका लागि विदेश जाने नेपाली विद्यार्थीको संख्या निरन्तर बढिरहेको छ । यसलाई केवल "ब्रेन ड्रेन" भनेर व्याख्या गर्नु पर्याप्त हुँदैन। यसको गहिरो कारण विश्वविद्यालय भित्रको संरचनागत कमजोरी, पाठ्यक्रमको अप्रासंगिकता, अनुसन्धान संस्कृतिको अभाव, अनुसन्धानमा संलग्न हुने अवसर पाउँछन्। विश्वविद्यालय र उद्योगबीचको सम्बन्ध औपचारिक नभई रणनीतिक हुन्छ । यही सम्बन्धले स्नातकलाई रोजगारयोग्य मात्र होइन परिवर्तनको नेतृत्व गर्न सक्षम नागरिक बनाउँछ ।

नेपालमा भने पाठ्यक्रम परिमार्जनको प्रक्रिया अझै ढिलो, केन्द्रीकृत र प्रायः प्रशासनमुखी छ। विश्वविद्यालयले बजारको मागभन्दा आफ्नै परम्परागत संरचनालाई प्राथमिकता दिने प्रवृत्ति कायम राखेका छन् । परिणामस्वरूप, सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता, हरित अर्थतन्त्र, डेटा विज्ञान, डिजिटल उद्यमशीलता, दिगो विकास, पर्यटन नवप्रवर्तन तथा अन्तरविषयक अध्ययनजस्ता तीव्र गतिमा विकसित भइरहेका क्षेत्रहरु पाठ्यक्रममा पर्याप्त रूपमा समेटिन सकेका छैनन् । अर्कोतर्फ शिक्षण विधि पनि ठूलो चुनौती बनेको छ । अझै धेरै कक्षाकोठामा शिक्षक केन्द्रित व्याख्यान, नोट लेखाउने अभ्यास अन्तर्राष्ट्रिय सहकार्य न्यून छ र उद्योग–विश्वविद्यालयबीचको साझेदारी कमजोर छ । धेरै प्राध्यापकले आफ्नो अधिकांश समय प्रशासनिक काम, अत्यधिक अध्यापन भार र प्रक्रियागत झन्झटमै खर्च गर्नुपर्दा अनुसन्धानका लागि आवश्यक समय र ऊर्जा जुटाउन सक्दैनन् । परिणामत नेपाली विश्वविद्यालयको अन्तर्राष्ट्रिय दृश्यता, उद्धरण (अष्तबतष्यल) र विश्व श्रेणीकरणमा उपस्थिति कमजोर रहँदै आएको छ । यसको अर्को असर युवा अनुसन्धानकर्तामा देखिन्छ । उच्च क्षमता भएका विद्यार्थी र प्राध्यापक अनुसन्धानका लागि अनुकूल वातावरण खोज्दै विदेशी विश्वविद्यालयतर्फ आकर्षित भइरहेका छन्। यसले देशभित्र ज्ञान उत्पादन गर्ने क्षमता कमजोर बनाइरहेको छ । यदि अनुसन्धानलाई विश्वविद्यालयको मूल कार्यका रूपमा संस्थागत गर्न सकिएन भने नेपाल ज्ञान आयात गर्ने मुलुकमै सीमित रहने जोखिम रहन्छ ।




सुशासनको संकट र श्रमबजारसँग कमजोर सम्बन्ध हो। यी समस्याहरु नयाँ होइनन् तर समाधानप्रति देखिएको सुस्तताले तिनलाई अझ जटिल बनाएको छ ।

नेपालका अधिकांश विश्वविद्यालय अझै पनि ज्ञानको सिर्जना गर्नेभन्दा ज्ञानको पुनरावृत्ति गराउने संस्थाका रूपमा सीमित देखिन्छन् । कक्षाकोठामा पढाइने विषयवस्तु र वास्तविक जीवन तथा रोजगारी बजारले माग गर्ने सीपबीच ठूलो दूरी छ। विद्यार्थीले परीक्षा उत्तीर्ण गर्छन्, डिग्री प्राप्त गर्छन् तर समस्या समाधान गर्ने क्षमता, आलोचनात्मक सोच, अनुसन्धान गर्ने दक्षता र नवप्रवर्तनात्मक दृष्टिकोण विकास गर्ने अवसर सीमित देखिन्छ, फलस्वरूप विश्वविद्यालयबाट उत्पादित जनशक्ति र श्रमबजारको अपेक्षाबीच असन्तुलन बढ्दै गएको छ । विश्वका उत्कृष्ट विश्वविद्यालयहरूले आज केवल अध्यापनमा होइन, अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता र उद्योगसँगको सहकार्यमा आफ्नो पहिचान निर्माण गरेका छन् । त्यहाँ पाठ्यक्रम नियमित रूपमा अद्यावधिक हुन्छ। उद्योगका प्रतिनिधि पाठ्यक्रम निमार्ण प्रक्रियामा सहभागी हुन्छन्, विद्यार्थीले अध्ययनकै क्रममा परियोजना, इन्टर्नसिप र अन्तिम परीक्षामा आधारित मूल्यांकन प्रणाली नै प्रभावशाली छ । यस्तो प्रणालीले विद्यार्थीलाई तथ्य सम्झन सिकाउँछ तर नयाँ ज्ञान सिर्जना गर्न, आलोचनात्मक विश्लेषण गर्न र जटिल समस्या समाधान गर्न आवश्यक क्षमता विकास गर्न सक्दैन। आधुनिक विश्वविद्यालयको उद्देश्य सूचना हस्तान्तरण मात्र होइन जिज्ञासा, अनुसन्धान र नवप्रवर्तनको संस्कृतिको विकास गर्नु हो । नेपालका विश्वविद्यालयले पक्षमा सबैभन्दा ठूलो सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

उच्च शिक्षाको गुणस्तर निर्धारण गर्ने सबैभन्दा महत्त्वपूर्ण सूचक अनुसन्धान हो । विश्वका अग्रणी विश्वविद्यालयहरु आफ्ना प्रकाशन, आविष्कार, पेटेन्ट, सामाजिक प्रभाव र नीतिगत योगदानका कारण प्रतिष्ठित बनेका छन् । उनीहरूले ज्ञानको उपभोग मात्र गर्दैनन्, नयाँ ज्ञान सिर्जना गर्छन् । नेपालमा भने अनुसन्धान अझै पनि प्राज्ञिक संस्कृतिको केन्द्र बन्न सकेको छैन । अनुसन्धानलाई प्राथमिकतामा राख्ने नीति बने पनि त्यसलाई कार्यान्वयन गर्ने संस्थागत संरचना कमजोर छ। अनुसन्धान अनुदान सीमित छ, प्रयोगशाला र डिजिटल स्रोतको पहुँच अपर्याप्त छ,

यससँगै विश्वविद्यालय सुशासनको प्रश्न पनि उत्तिकै गम्भीर छ। विश्वविद्यालय ज्ञानको स्वतन्त्र केन्द्र हुनुपर्छ, जहाँ निर्णय शैक्षिक योग्यता, पारदर्शिता र संस्थागत हितका आधारमा गरिन्छ । नेपालमा नेतृत्व चयन, नियुक्ति, स्रोत व्यवस्थापन र प्रशासनिक निर्णयमा राजनीतिक प्रभावबारे बारम्बार प्रश्न उठ्दै आएका छन् । विश्वविद्यालय राजनीतिक प्रतिस्पर्धाको मैदान होइन; बौद्धिक स्वतन्त्रता, उत्तरदायित्व र संस्थागत उत्कृष्टताको केन्द्र हुनुपर्छ । जब शैक्षिक निर्णयभन्दा बाह्य प्रभाव हाबी हुन्छ त्यसको प्रत्यक्ष असर शिक्षण, अनुसन्धान र संस्थागत विश्वसनीयतामाथि पर्छ ।

आज विश्वको उच्च शिक्षा तीव्र परिवर्तनको चरणमा छ । कृत्रिम बुद्धिमत्ता, डिजिटल शिक्षा, अन्तरविषयक अनुसन्धान, हरित प्रविधि, उद्यमशीलता र सहकार्य विश्वविद्यालयका नयाँ मानक बनिरहेका छन् । यस्तो अवस्थामा नेपालले पुरानै संरचना र कार्यशैलीमा अडिग रहने हो भने अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अझ पछि पर्ने निश्चित छ। अब सुधारको बहस विश्वविद्यालयभित्र सीमित राख्ने होइन, राष्ट्रिय विकासको बहसका रूपमा अघि

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
पारिवारिक सहयोगले मनोबल उच्च रहनेछ। खर्चमा संयम अपनाउनु उचित हुनेछ।

**वृष**
व्यापार तथा पेशामा सकारात्मक उपलब्धि मिल्न सक्छ। साथीभाइसँगको भेटघाट सुखद रहनेछ।

**मिथुन**
अध्ययन तथा सञ्चारसँग सम्बन्धित व्यक्तिका लागि दिन फलदायी रहनेछ। विवादमा नपर्नु बेस हुनेछ।

**कर्कट**
घरपरिवारसँग समय बिताउने अवसर मिल्नेछ। भावनामा बगेर निर्णय नगर्नु उचित हुनेछ।

**सिंह**
आफन्तसँगको सम्बन्ध थप सुदृढ बन्नेछ। अनावश्यक अहंकारबाट भने टाढा रहनु राम्रो हुनेछ।

**कन्य**
आर्थिक व्यवस्थापनमा सफलता मिल्नेछ। नयाँ योजना अघि बढाउन सकिने समय छ।

**तुला**
प्रेम सम्बन्धमा मधुरता आउनेछ। व्यावसायिक विषयमा सावधानी अपनाउनु उपयुक्त हुनेछ।

**वृश्चिक**
गोपनीय विषयमा सावधानी अपनाउनु राम्रो हुनेछ। संयमित व्यवहारले सम्बन्ध अझ सुदृढ बन्नेछ।

**धनु**
अध्ययन तथा प्रतिस्पर्धात्मक क्षेत्रमा राम्रो नतिजा आउने संकेत छ। यात्रा गर्दा सतर्कता अपनाउनुहोस्।

**मकर**
व्यवसायिक क्षेत्रमा प्रगति हुने सम्भावना छ। वरिष्ठ व्यक्तिबाट प्रशंसा र सहयोग मिल्न सक्छ।

**कुम्भ**
लामो समयदेखि रोकिएका काम अघि बढ्ने सम्भावना छ। धार्मिक तथा आध्यात्मिक गतिविधिमा रूचि बढ्नेछ।

**मीन**
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ, आरामलाई प्राथमिकता दिनुहोस्। भाग्यले साथ दिने दिन छ।

# उत्पादनमा आधारित अनुदानले किसान उत्साही

**कमल खत्री/म्याग्दी**

बेनी नगरपालिका–७ कुरिलाखर्कका सुरेश ढुङ्गानाको दिन बिहानै गोठबाट सुरु हुन्छ । पचासवटा गाईभैँसीको स्याहार, दूध दुहुनु, बजारसम्म पुर्‍याउनु र फार्म व्यवस्थापनमै दिन बित्छ । जसबाट उहाँ सन्तुष्ट हुनुहुन्छ । तर, पछिल्लो समय उहाँ सन्तुष्टसँग उत्साही र थप आशावादी बन्नुभएको छ । कारण हो, अनुदान । अहिले उहाँलाई अनुदानका लागि कार्यालय धाउनुपर्दैन, उत्पादनले नै उहाँको मिहिनेतको मूल्य निर्धारण गर्छ । 'ढुङ्गाना कृषि तथा पशुपन्छी फार्म' सञ्चालन गर्दै दैनिक करिब ३०० लिटर दूध उत्पादन गर्ने उहाँले बेनी नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रमबाट लगातार तीन वर्षसम्म वार्षिक रूपमा रू ४५ हजार प्राप्त गर्नुभएको छ । उहाँका अनुसार रकम ठूलो नभए पनि यसले किसानलाई सम्मान र उत्साह दुवै दिएको छ । "पहिला अनुदान पाउन धेरै प्रक्रिया पूरा गर्नुपर्थ्यो, अहिले वास्तविक उत्पादनका आधारमा अनुदान पाइन्छ, कार्यालय पनि धाइरहनु पर्दैन, हामीलाई काम गर्न प्रेरणा मिलेको छ", उहाँले भन्नुभयो।

बेनी नगरपालिकाले आव २०८१ मा 'उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि' लागू गरेपछि कृषि अनुदान वितरणको शैली परिवर्तन भएको हो । कृषि औजार वा सामग्री वितरण गर्ने परम्परागत अभ्यासभन्दा फरक यो कार्यक्रमले उत्पादन र बिक्रीलाई आधार मानेर किसानलाई नगद अनुदान उपलब्ध गराउँछ । नगरपालिकाको विश्वास छ, यसले उत्पादन बढाउनेमात्र होइन, वास्तविक किसानलाई प्रोत्साहन पनि गर्छ । नगरप्रमुख सुरत केसीका अनुसार युवालाई उत्पादनमुखी व्यवसायतर्फ आकर्षित गर्ने, वैदेशिक रोजगारीको विकल्प सृजना गर्ने र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो। "वडास्तरबाट कृषि औजार वितरण हुँदै आएको छ, नगरपालिकाले उत्पादनपछि अनुदान दिने व्यवस्था गरेको छ, यसले किसानलाई व्यावसायिक बन्न र उत्पादन बढाउन सहयोग पुगेको छ", उहाँ भन्नुहुन्छ।

नगरपालिकाको तथ्याङ्कले पनि कार्यक्रमको प्रभाव देखाउन थालेको छ । बेनी नगरपालिका अहिले दूध उत्पादनमा आत्मनिर्भर हुँदै अतिरिक्त उत्पादन निर्यातको अवस्थासम्म पुगेको छ । स्थानीय तहको प्रोत्साहन र किसानको लगानीले पशुपालन व्यवसाय विस्तार हुँदै गएको नगरपालिकाको निष्कर्ष छ । यस वर्षदेखि कार्यक्रम पशुपालनमा मात्र सीमित छैन । व्यावसायिक तरकारीखेती गर्ने किसान पनि यसमा समेटिएका छन् । आर्थिक वर्ष २०८२/८३ मा पशुपालनतर्फ रू १२ लाख २० हजार र तरकारी खेतीतर्फ रू १३ लाख ५० हजार बजेट परिचालन गरिएको छ ।

पशु सेवा शाखामा परेको ६६ आवेदनमध्ये स्थलगत अनुगमनपछि ५७ वटा व्यावसायिक फार्म छनोट भएका छन् । पशु चिकित्सक डा सुदीप पौडेलका अनुसार किसानलाई न्यूनतम रू १३ हजारदेखि अधिकतम रू ४५ हजारसम्म अनुदान उपलब्ध गराइएको छ । तरकारीतर्फ कृषि शाखामा ६३ वटा आवेदन परेकामा ५९ किसान तथा कृषक समूह छनोट भएका छन्। कृषि अधिकृत आकृति ढुङ्गानाका अनुसार काउली, बन्दा, ब्रोकाउली, गोलभैँडा, खुर्सानी, अकबरे खुर्सानी, मूला, गाजर, प्याज र लसुन उत्पादन गर्ने किसानलाई खेती गरिएको क्षेत्रफल र बिक्री भएको उत्पादनका आधारमा अनुदान प्रदान गरिएको छ । बेनी नगरपालिका–२ खबराका अगुवा किसान सोवित शर्माका अनुसार यो कार्यक्रमले मिहिनेत गर्ने किसानलाई प्रत्यक्ष लाभ पुगेको छ । "उत्पादनका आधारमा अनुदान दिँदा वास्तविक किसान छुट्दैनन्। साना किसानलाई पनि व्यवसाय विस्तार गर्ने आत्मविश्वास बढेको छ", उहाँ भन्नुहुन्छ ।

कार्यक्रमलाई व्यवस्थित बनाउन नगरपालिकाले किसानलाई लघु, साना, मझौला र व्यावसायिक उद्यमी गरी चार वर्गमा विभाजन गरेको छ। वर्गअनुसार रू १५ हजारदेखि ४५ हजारसम्म अनुदान उपलब्ध गराइन्छ। यसका लागि दूध उत्पादन, बाख्रापालन वा तरकारी उत्पादन तथा बिक्रीका न्यूनतम मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यक्रमको अर्को विशेषता यसको सरल प्रक्रिया हो। किसानले एकपटक मात्र निवेदन दर्ता गरेपछि आवश्यक स्थलगत अनुगमन नगरपालिकाले आफैँ गर्छ । छनोट भएका किसानको बैंक खातामै अनुदान रकम जम्मा गरिने भएकाले प्रशासनिक झन्झट हटेको छ । प्राप्त रकम किसानले आफ्नै आवश्यकता र उत्पादन विस्तारसँग सम्बन्धित क्षेत्रमा खर्च गर्न सक्ने व्यवस्था छ ।

बेनी नगरपालिकाको यो अभ्यासले अनुदानलाई उत्पादनसँग जोडेर वास्तविक किसानसम्म पुर्‍याउने नयाँ मोडेल प्रस्तुत गरेको छ । उत्पादनलाई प्रोत्साहन गर्ने, किसानलाई आत्मनिर्भर बनाउने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्य बोकेको यो कार्यक्रम सफल भए अन्य स्थानीय तहका लागि पनि अनुकरणीय अभ्यास बन्न सक्ने देखिन्छ । गोठमा बिहानदेखि साँझसम्म पसिना बगाउने सुरेश ढुङ्गानाजस्ता किसानका लागि यो अनुदान केवल केही हजार रूपैयाँको सहयोगमात्र होइन, मिहिनेतको मूल्यांकन र कृषि पेसाप्रतिको सम्मानको अनुभूति पनि बनेको छ । रासस

# किन कमजोर बन्दैछ नेपालको .......

बढाउने समय आएको छ ।

**अब सुधार कहाँबाट सुरू गर्ने?**

नेपालको उच्च शिक्षाको संकट कुनै एक विश्वविद्यालय, कुनै एक सरकार वा कुनै एक पुस्ताको मात्र समस्या होइन । यो राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको विषय हो। त्यसैले यसको समाधान पनि टुक्राटुक्रा सुधारबाट सम्भव छैन यसका लागि दीर्घकालीन दृष्टि, स्पष्ट नीति र दृढ राजनीतिक प्रतिबद्धता आवश्यक छ । सबैभन्दा पहिले, पाठ्यक्रमलाई समयानुकूल र परिणाममुखी बनाउनुपर्छ ।

पाठ्यक्रम निर्माण विश्वविद्यालयभित्र सीमित प्राज्ञिक अभ्यास मात्र नभई उद्योग, निजी क्षेत्र, व्यावसायिक संस्था, पूर्वविद्यार्थी र अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा हुने नियमित प्रक्रिया हुनुपर्छ । प्रत्येक शैक्षिक कार्यक्रमले विद्यार्थीमा आलोचनात्मक सोच, समस्या समाधान गर्ने क्षमता, सञ्चार सीप, डिजिटल दक्षता, अनुसन्धान क्षमता र उद्यमशीलताको विकास गर्नुपर्नेछ। डिग्रीको मूल्य त्यसले प्रदान गर्ने सीप र सामाजिक योगदानबाट मापन हुनुपर्छ केवल प्रमाणपत्रबाट होइन।

अनुसन्धानलाई विश्वविद्यालयको केन्द्रीय संस्कृतिका रूपमा स्थापित गर्नुपर्छ । अनुसन्धानका लागि प्रतिस्पर्धात्मक अनुदान, आधुनिक प्रयोगशाला, अन्तर्राष्ट्रिय सहकार्य, खुला पहुँच भएका डिजिटल स्रोत र उद्योगसँगको सहकार्य विस्तार गरिनुपर्छ । अनुसन्धानलाई बढुवा प्राप्त गर्ने औपचारिक आधारभन्दा समाजका वास्तविक समस्या समाधान गर्ने माध्यमका रूपमा स्थापित गर्न सके मात्र विश्वविद्यालयले राष्ट्रिय विकासमा सार्थक योगदान दिन सक्छ ।

विश्वविद्यालय सुशासनलाई संस्थागत रूपमा सुदृढ बनाउनु अपरिहार्य छ । उपकुलपति, डीन, क्याम्पस प्रमुख तथा अन्य नेतृत्वदायी पदहरूमा नियुक्ति गर्दा राजनीतिक निकटता होइन, शैक्षिक योग्यता, नेतृत्व क्षमता, अनुसन्धान उपलब्धि र संस्थागत दृष्टिकोणलाई प्राथमिकता दिनुपर्छ । विश्वविद्यालयको स्वायत्तता भनेको उत्तरदायित्वविहीन स्वतन्त्रता होइन; पारदर्शिता, जवाफदेहिता र उत्कृष्टताप्रतिको प्रतिबद्धता सहितको स्वायत्तता हो ।

शिक्षकलाई परिवर्तनको केन्द्रमा राख्नुपर्छ । गुणस्तरीय विश्वविद्यालय भवन, प्रविधि वा पाठ्यक्रमले मात्र बन्दैन; प्रेरित, सक्षम र अनुसन्धानमुखी शिक्षकबाट बन्छ । त्यसैले शिक्षकको व्यावसायिक विकास, अन्तर्राष्ट्रिय आदानप्रदान, अनुसन्धान बिदा ( Research Sabbatical), निरन्तर क्षमता अभिवृद्धि र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास गर्नु समयको माग हो। साथै विश्वविद्यालयले समाजसँगको सम्बन्ध पुनःपरिभाषित गर्नुपर्छ । स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारसँगको सहकार्यबाट विश्वविद्यालयलाई क्षेत्रीय विकास, सार्वजनिक नीति, नवप्रवर्तन र सामाजिक रूपान्तरणको केन्द्रका रूपमा स्थापित गर्न सकिन्छ । विश्वविद्यालय समाजबाट अलग रहेको संस्था होइन; समाजकै बौद्धिक इञ्जिन हो।

अन्तत, नेपालले आफ्ना युवालाई विदेश जानबाट रोक्न खोज्नु समाधान होइन । ज्ञानको विश्वव्यापी आदानप्रदान आजको युगको वास्तविकता हो । देशभित्र पनि विश्वस्तरको शिक्षा, अनुसन्धान र नवप्रवर्तनका अवसर उपलब्ध गराउन सक्यौं भने विदेश जाने निर्णय बाध्यता होइन, विकल्प बन्नेछ। त्यस दिन नेपाली विश्वविद्यालयले केवल विद्यार्थी जोगाउने छैनन्, प्रतिभा आकर्षित गर्ने क्षमता पनि विकास गर्नेछन्।

नेपालको उच्च शिक्षाको भविष्य कुनै चमत्कारबाट बदलिने छैन । त्यो परिवर्तन नीतिगत स्पष्टता, संस्थागत साहस, प्राज्ञिक नेतृत्व र निरन्तर सुधारको संस्कृतिबाट मात्र सम्भव छ । विश्वविद्यालयलाई राजनीतिक प्रभावको केन्द्र होइन, ज्ञान, अनुसन्धान र नवप्रवर्तनको केन्द्र बनाउन सक्यौं भने मात्र उच्च शिक्षाप्रति समाजको विश्वास पुनःस्थापित हुनेछ । आजको सुधारले मात्र भोलिको नेपाल निर्माण गर्छ र त्यो निर्माणको सबैभन्दा बलियो आधार गुणस्तरीय विश्वविद्यालय नै हुन् ।

*(लेखक जनज्योति क्याम्पस, भिमाद, तनहुँका सहप्राध्यापक हुन्।)*


## व्यक्ति एकै भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला म्याग्दे गा.पा. वडा नं. ४ बस्ने भारतीय भु.पु.सै.नं. ५०४०३९५ दर्जा हवल्दार पल्टन १/१ जि.आरका **तिल बहादुर मगर**को श्रीमती **तिलिसरा आले (मगर्नी)** को नागरिकतामा नाम थर **तिलिसरा आले मगर्नी** उल्लेख भएको र निजको पेन्सन डकुमेन्टमा नाम थर **तिलिसरा मगर्नी** भई नाम थर फरक परेता पनि व्यक्ति एकै भएको भनि म्याग्दे गा.पा. वडा नं. ४ को वडा कार्यालयको चं.नं. १४६७ मिति २०८३/०३/२३ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## व्यक्ति एकै भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला म्याग्दे गा.पा. वडा नं. ४ बस्ने भारतीय भु.पु.सै.नं. ५०४०३९५ दर्जा हवल्दार पल्टन १/१ जि.आरका **तिल बहादुर मगर**को नागरिकतामा नाम थर **तिलि बहादुर आले मगर** भन्ने **तिल बहादुर मगर** भएको र निजको पेन्सन डकुमेन्टमा नाम थर **तिल बहादुर मगर** भई नाम थर फरक परेता पनि व्यक्ति एकै भएको भनि म्याग्दे गा.पा. वडा नं. ४ को वडा कार्यालयको चं.नं. १४६५ मिति २०८३/०३/२३ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## व्यक्ति एकै भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ बस्ने भारतीय भु.पु.सै. नं. ४१६२२१४M दर्जा HAV **जोक बहादुर राना** २/३ जि.आर.को श्रीमती **खु माया राना**को नाम थर पेन्सन अभिलेखमा **खु माया** भएको र नागरिकतामा नाम थर **खु माया राना** भई नाम थर फरक परेता पनि व्यक्ति एकै भएको भनि भिमाद न.पा. वडा नं. ६ को वडा कार्यालयको च.नं. २२१० मिति २०८३/०३/२३ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**साउन ०१ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**साउन ०३ गते आइतबार**

१) १) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**साउन ०२ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**पुनःनिर्माण भानु घाँसी पार्क :** पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन–पोखरा सडक विस्तारका क्रममा भत्किएको तनहुँको व्यास नगरपालिका–१२ मा अवस्थित ऐतिहासिक घाँसीकुवास्थित भानु घाँसी स्मारक पार्कको पुनःनिर्माण कार्य हुँदै । *तस्बिर : मिला दरै/रासस*

# मनसुनमा सडक सुचारू राख्न विशेष कार्ययोजना : देशैभर हेभी उपकरण तैनाथ

भञ्ज्याङ समाचारदाता/काठमाडौं

मनसुनको समयमा आउन सक्ने बाढी र पहिरोका कारण अवरूद्ध हुन सक्ने सडक तथा राजमार्गहरूलाई तत्काल सञ्चालनमा ल्याउन सडक विभागले देशैभर विशेष तयारी गरेको छ ।

विभागले देशभरका रणनीतिक र बढी जोखिम भएका स्थानहरूमा पहिरो पन्छाउने उपकरण तथा प्राविधिक जनशक्ति उच्च सतर्कताका साथ परिचालन गरेको हो । सडक विभागका उपमहानिर्देशक एवं प्रवक्ता श्यामबहादुर खड्काका अनुसार अत्यधिक सवारी चाप र पहिरोको उच्च जोखिम रहेको पृथ्वी राजमार्गको नागढुङ्गा–मुग्लिन सडक खण्डमा विशेष सतर्कता अपनाइएको छ ।

**देशभर १५५ हेभी उपकरण र ब्याकअपको व्यवस्था**

मनसुन अवधिभर देशभरका सडक सञ्जाललाई चलायमान राख्न विभागले बृहत् कार्ययोजना नै बनाएर कार्यान्वयन गरिरहेको जनाएको छ । प्रवक्ता खड्काका अनुसार निर्माणाधीन सडकहरूको हकमा सम्बद्ध निर्माण व्यवसायीलाई आफ्नै स्रोत–साधन तयारी अवस्थामा राख्न अनिवार्य गरिएको छ भने चालु अन्य राष्ट्रिय राजमार्गहरूका लागि विभाग आफैँले विशेष व्यवस्था गरेको छ ।

विभागले देशभरका १४० संवेदनशील स्थानहरू पहिचान गरी १५५ वटा हेभी इक्विपमेन्ट (ठुला उपकरणाहरू) र तिनका अपरेटरहरूलाई चौबीसै घण्टा तैनाथ राखेको छ । कुनै पनि स्थानमा ठुलो क्षति भई थप उपकरण आवश्यक परेमा तत्काल परिचालन गर्न थप १२२ वटा उपकरणहरू ब्याकअपका रूपमा तयारी अवस्थामा राखिएको छ ।

सडक अवरोधको सूचना संकलन र तत्काल उद्धार कार्यलाई व्यवस्थित बनाउन विभाग अन्तर्गतका हरेक डिभिजन सडक कार्यालयहरूमा विशेष कार्यदल (टास्क फोर्स) समेत गठन गरी परिचालन गरिएको प्रवक्ता खँड्काले जानकारी दिए ।

**नागढुंगा–मुग्लिन खण्डका ९ स्थान उच्च जोखिममा**

प्रवक्ता खँड्काले नागढुंगा–मुग्लिन पूर्वी खण्ड (नौबिसेदेखि मलेखुसम्म) ९ वटा स्थानलाई पहिरोको उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको जानकारी दिए । ती स्थानहरूमा पहिरो खस्नेबित्तिकै तत्कालै पन्छाएर यातायात अवरूद्ध हुन नदिन निर्माण व्यवसायीलाई आ ना उपकरणहरू चौबीसै घण्टा तयारी अवस्था (स्ट्यान्डबाई) मा राख्न निर्देशन दिइसकेको उनले बताए।

'हालै पनि फिस्लिङलगायत तीन स्थानमा गएको पहिरोलाई विभागको पूर्वतयारीका कारण आधा घण्टाभित्रै पन्छाएर सडक सुचारू गरिएको छ,' प्रवक्ता खड्काले भने, 'मौसम र वर्षाको अवस्था हेरी जोखिमयुक्त ठाउँहरु थपिन सक्ने भएकाले सोही अनुसारको प्रबन्ध मिलाइएको छ ।' ती क्षेत्रहरूमा पहिरोको दीर्घकालीन नियन्त्रण र स्थिरिकरण (स्टेबिलाइजेसन) गर्ने कार्यलाई पनि अगाडि बढाइने विभागले जनाएको छ ।

**कुनकुन हुन् उच्च जोखिम रहेका स्थान ?**

हाल स्तरोन्नतिको क्रममा रहेको नागढुंगा–मुग्लिन सडकको पूर्वी खण्डअन्तर्गत नागढुंगा–नौबिसे (१२.२ किलोमिटर) र नौबिसे–मलेखु (४३.५ किलोमिटर) खण्डमा करिब ६४ प्रतिशत निर्माण सम्पन्न भइसकेको छ । तर, सडक विस्तारका क्रममा भित्ता काटिएको र भौगोलिक बनावट कमजोर भएकाले यस वर्षको मनसुनमा यात्रुले सास्ती खेप्न नपरोस् भनी उपकरण र जनशक्तिसहितको टोली तयारी अवस्थामा राखिएको सडक विभाग अन्तर्गतको विकास सहायता कार्यान्वयन महाशाखाले जनाएको छ ।

आयोजना कार्यालयले गरेको भौगर्भिक अध्ययन अनुसार यस सडक खण्डका नौवटा स्थानलाई पहिरोको अति उच्च जोखिममा राखिएको छ । जसमा नागढुंगा–नौबिसे खण्डको झ्याप्ले खोला, खत्रीपौवा र सिक्रे खोला रहेका छन् । त्यसैगरी नौबिसे–मलेखु खण्डअन्तर्गत ४ किलो, ७ किलो, ९ किलो, १३ किलो (कोइरालेभिर), मछेडी खोला र घाटबेशी क्षेत्रमा जुनसुकै बेला पहिरो खस्न सक्ने भन्दै उच्च सतर्कता अपनाइएको छ ।

**यातायात सुचारू राख्न यस्ता छन् उपाय**

नागढुंगा–मुग्लिन सडक खण्डमा यी क्षेत्रमाम हुनसक्ने सम्भावित विपद्लाई मध्यनजर गर्दै सडक विभागले विशेष २०८३ मनसुन पूर्वतयारी कार्ययोजना लागू गरेको छ । यस कार्ययोजनाले बाढी र पहिरोका कारण सडक अवरूद्ध भएमा तत्काल खुलाउन र यात्रुलाई वैकल्पिक मार्गको प्रयोग गराउन विशेष रणनीति तय गरेको छ ।

सडक बन्द हुन नदिन र जोखिम न्यूनीकरण गर्न विभागले विभिन्न रोकथामका उपायहरु अपनाएको छ । विगतमा ठुलो क्षति व्यहोरेको झ्याप्ले खोला र महेश खोला क्षेत्रमा स्लोप म्यानेजमेन्ट, रक एन्करिङ, माइक्रो पाइलिङ र वाल निर्माणजस्ता कामहरु सम्पन्न भइसकेका छन् । यसका साथै ठाउँ ठाउँमा घाँस रोप्ने र जुट नेटिङलगायतका 'बायो–इन्जिनियरिङ' प्रविधिको प्रयोग गरिएको छ ।

विपद्को समयमा तत्काल सडक खुलाउन नौबिसे, महादेववेशी, चिराउदी र घाटबेशीलगायत क्याम्पहरूमा एक्स्काभेटर, लोडर र टिपरसहित प्राविधिक टोलीलाई चौबीसै घण्टा तैनाथ राखिएको छ । सडक अवरूद्ध भएको खण्डमा यात्रुलाई सडकको अवस्थाबारे रियल टाइम जानकारी दिन ट्राफिक प्रहरी र स्थानीय प्रशासनसँग प्रभावकारी समन्वय गरिने कार्य योजनामा उल्लेख छ ।

भारी वर्षाका कारण मुख्य राजमार्ग लामो समयसम्म अवरूद्ध हुने अवस्था आएमा यात्रुलाई अलपत्र पर्न नदिन साना तथा मझौला सवारी साधनका लागि वैकल्पिक मार्गको समेत स्पष्ट खाका तयार पारिएको छ । यदि नागढुंगा–नौबिसे खण्ड बन्द भएमा काठमाडौँबाट बाहिरिने सवारी साधनले सीतापाइला–रामकोट–धार्के हुँदै गल्छी निस्कने बाटो प्रयोग गर्न सक्नेछन् । त्यस्तै,टोखा–त्रिशूली हुँदै गल्छी वा मलेखु निस्कने मार्ग पनि अर्को राम्रो विकल्प हुनसक्छ ।

नौबिसे–गल्छी खण्ड बन्द भएको अवस्थामा भने काठमाडौँ–नागढुंगा–नौबिसे हुँदै पालुङ–दामन निस्किएर हेटौँडा जान सकिनेछ। पूर्व तथा दक्षिणतर्फ जाने यात्रुहरूका लागि काठमाडौँबाट दक्षिणकाली–छैमले–सिस्नेरी वा फाखेल हुँदै कुलेखानी निस्किएर हेटौँडा जाने बाटो पनि खुला रहनेछ । यसबाहेक काठमाडौँबाट धुलिखेल हुँदै बिपी राजमार्गलाई पनि वैकल्पिक मार्गको रूपमा प्रयोग गर्न सकिने विभागले जनाएको छ।

यदि गल्छी–मलेखु खण्ड बन्द भएमा त्रिशूली नदी पारि रहेका ग्रामीण कच्ची सडक तथा झोलुङ्गे र पक्की पुलहरूको प्रयोग गरी छोटो दूरी पार गर्दै मुख्य सडकमा जोडिन सकिने व्यवस्था मिलाइएको छ । रातोपाटीबाट

facebook twitter

**Bishnu Rijal**
x.com/bishnurijal1



यो कुनै आरोपको विषय होइन ।
करिब दुई तिहाई बहुमतसहित मुलुकमा नयाँ सरकार बनेपछि अर्थतन्त्र उत्साहित हुनुपर्नेमा मुर्झाएको छ । कुनै पनि आर्थिक सूचकांक उत्साहित छैनन् । 'संसार बुझेका' भनेर महिमामण्डन गरिएका अर्थमन्त्रीको बजेटले नागरिकको उत्साहमा पानी खन्याएकै छ, त्यस उप्रान्त बजार निराश छ। बजार अर्थतन्त्रको वकालत गर्नेहरूकै बेलामा बजार सुस्ताएको छै, सरकारप्रति विश्वास गर्न सकेको छैन ।
शेयर बजार निरन्तर घटिरहेको छ। बजेट आयो- शेयर बजार घट्यो । मौद्रिक नीति आयो- झन् घट्यो। न कुनै विदेशी लगानी आएको छ, न कुनै अनुदान नै। यसबीचमा सरकारले गरेको एउटै काम हो- लगातार विदेशी ऋण लिनु । 'मागी–मागी बाबजी घी खाता है' बाहेक वर्तमान सरकारले सय दिनमा केही काम गर्न सकेन ।
सर्वत्र राज्य–आतंक छ । स्वेच्छाचारी गिरफ्तारी तीब्र बनेको छ । पार्टीभित्रै पनि आतंक सिर्जना गरिएको छ । राज्य कब्जा गर्ने र तर्साएर शासन गर्ने सोच स्वयम्मा कति प्रत्युत्पादक हुन्छ भन्ने उदाहरण धेरै टाढा छैन । नेताहरूमाथि निराधारा आरोप लगाएर पक्राउ गर्ने, मिडियालाई त्रासमा राख्ने, त्रास–धम्कीका भरमा राज्य चलाउने कुराले सबभन्दा बढी घाटा स्वयम् त्यस्ता व्यक्तिलाई पर्दछ।
सत्ता र शक्ति अस्थायी हुन् ।

# कालोपत्रपछि बर्खायाममा सहज बन्यो दोर्दीको यात्रा

भञ्ज्याङ समाचारदाता/लमजुङ

अघिल्लो बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने सडकका कारण सास्ती खेप्दै आएका दोर्दी गाउँपालिकावासी अहिले सहज रूपमा सडक यात्राको अनुभव गरिरहेका छन् । उदिपुर–रेबगर–नौथर हुँदै दोर्दी गाउँपालिका केन्द्र जोड्ने सडक कालोपत्र सम्पन्न भएपछि यस वर्षको बर्खायाममा ससवारीसाधन सहज रूपमा सञ्चालन भइरहेका छन् ।

गण्डकी प्रदेश सरकारको 'एक पालिका, एक सडक' अभियान अन्तर्गत निर्माण गरिएको उक्त सडक सञ्चालनमा आएपछि सदरमुकाम बैँसीसहर र दोर्दी गाउँपालिकाबीचको यात्रा सहज, छोटो र सुरक्षित बनेको छ । विगतमा वर्षामा सडक हिलाम्मे हुने, सवारीसाधन चिप्लिने, गाडी फस्ने तथा यात्रा गर्न घण्टौँ लाग्ने अवस्था थियो । हिउँदमा धुलो उड्ने समस्या हुँदा स्थानीय बासिन्दा, यात्रु तथा सडक आसपासका बस्तीसमेत प्रभावित हुने गरेका थिए ।

अहिले अस्फाल्ट प्रविधिबाट कालोपत्र भएपछि स्थानीयले राहत पाएका छन् । सडक राम्रो भएपछि वर्षायाममा पनि सहज रूपमा सवारीसाधन सञ्चालन भइरहेका छन् भने दैनिक आवतजावत छरितो बनेको छ । दोर्दी गाउँपालिका–४ नौथरसैराका स्थानीय लक्ष्मण गुरूङले सडक कालोपत्र भएपछि बर्खायाममा समेत सहज रुपमा आवतजावत गर्न सकिएको बताउनुभयो ।

विगतमा हिलो र चिप्लोपनका कारण उदिपुरबाट दोर्दी पुग्न निकै समय लाग्ने गरेको स्मरण गर्दै उहाँले अहिले मोटरसाइकल तथा साना सवारीसाधनबाट १५–२० मिनेटमै आवतजावत गर्न सकिने भएको बताउनुभयो । "पहिला बर्खामा सडकको अवस्था खराब हुँदा जोखिम मोलेर यात्रा गर्नुपर्थ्यो । गाडी चिप्लिने, हिलोमा फस्ने र कतिपय अवस्थामा यात्रुले झरेर बाटो मिलाउनुपर्ने अवस्था थियो । अहिले सडक राम्रो भएपछि समयमा नै गन्तव्यमा पुग्न सकिन्छ", उहाँले भन्नुभयो ।

बैँसीसहर नगरपालिका–११ रामचोक बैँसीका ईश्वरराज सेढाईले पनि सडक सहज भएपछि दैनिक आवतजावतमा ठूलो सुविधा पुगेको बताउनुभयो । घर र कामको सिलसिलामा यही सडक हुँदै नियमित यात्रा गर्ने उहाँले पहिले घर पुगेर फर्किनसमेत धेरै समय लाग्ने गरेकामा अहिले छोटो समयमै काम सकेर फर्किन सकिने अवस्था बनेको बताउनुभयो । "पहिला जानलाई लाग्ने समयले अहिले गएर आएर काम सक्न सकिने अवस्था छ । समयको सदुपयोग भएको छ", उहाँले भन्नुभयो। सडक सहज भएपछि कृषि उत्पादन बजारसम्म पुर्‍याउन, आवश्यक सामग्री ल्याउन तथा सदरमुकाम आवतजावत गर्न पनि सहज भएको उहाँको भनाइ छ ।

दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीले पालिका केन्द्र जोड्ने मुख्य सडक कालोपत्र भएपछि स्थानीयलाई ठूलो राहत पुगेको जानकारी दिनुभयो । सडक निर्माण सम्पन्न भएपछि पालिका आउने–जाने र सदरमुकाम बैँसीसहरसम्मको यात्रा सहज, छोटो र सुरक्षित बनेको उल्लेख र्दै उहाँले वर्षायाममा हुने जोखिमसमेत हटेको बताउनुभयो । सडक पूर्वाधारको विकासले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानीलगायत अन्य विकासका क्षेत्रमा सकारात्मक प्रभाव पारेको उहाँको भनाइ छ । "यो सडक दोर्दीको विकासको एउटा महत्त्वपूर्ण उदाहरण हो", उहाँले भन्नुभयो ।

पूर्वाधार विकास कार्यालय लमजुङका सूचना अधिकारी नरेशराज जोशीले सडक निर्माण सम्पन्न भई अहिले नियमित रूपमा सञ्चालनमा रहेको बताउनुभयो । उहाँका अनुसार गत मङ्सिरको अन्तिमतिर कालोपत्र सम्पन्न भएको हो । प्रदेश सरकारको रू २६ करोड २९ लाख लगानीमा निर्माण भएको ७.१ किलोमिटर सडकको ठेक्का कन्टेक निर्माण प्रालि काठमाडौँले पाएको थियो ।

कम्पनीसँग विसं २०७७ असार ३ गते सम्झौता भएको थियो । कोभिड–१९ लगायतका कारण निर्माण प्रभावित भएपछि तोकिएको समयमा काम सम्पन्न हुन सकेन । त्यसपछि पटकपटक म्याद थप गरिएकामा पछिल्लोपटक थपिएको अवधिभित्र निर्माण सम्पन्न गरी सडक सञ्चालनमा ल्याइएको हो ।

सडकमा अस्फाल्ट कालोपत्रसँगै आवश्यक स्थानमा ढलान, नाला तथा अन्य संरचना निर्माण गरिएको छ । सडक सञ्चालनमा आएपछि दोर्दी गाउँपालिकाका बासिन्दाको दैनिक आवतजावत, कृषि उपज ढुवानी, शैक्षिक तथा स्वास्थ्य सेवामा पहुँच सहज भएको छ। सदरमुकामसँगको सम्पर्क सहज बनेसँगै स्थानीयको आर्थिक तथा सामाजिक गतिविधिमा समेत सकारात्मक प्रभाव परेको छ । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४